कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : निर्देशिका
दर्ता नं: १०३/२०८२
दर्ता मिति: २०८२/१२/२

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

# बीमकको शाखा कार्यालय सम्बन्धी निर्देशिका, २०७९

नेपाल बीमा प्राधिकरणबाट स्वीकृत मितिः २०७९ फाल्गुण १६ गते

**<u>प्रस्तावनाः</u>** नेपाल बीमा प्राधिकरणबाट इजाजतपत्र प्राप्त बीमकको शाखा कार्यालय स्थापना गर्ने कार्यलाई व्यवस्थित बनाउन आवश्यक भएकोले,

बीमा ऐन, २०७९ को दफा १७० ले दिएको अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरणले देहायको निर्देशिका बनाई लागू गरेको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "बीमकको शाखा कार्यालय सम्बन्धी निर्देशिका, २०७९" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले बीमा ऐन, २०७९ सम्झनु पर्छ।

(ख) "प्राधिकरण" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल बीमा प्राधिकरण सम्झनु पर्छ।

(ग) "बीमक" भन्नाले ऐन बमोजिम बीमा व्यवसाय गर्न इजाजतपत्र प्राप्त बीमा कम्पनी सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले बीमकको प्रदेश कार्यालय र शाखा कार्यालय सम्झनु पर्छ र सो शब्दले बीमकको उपशाखा कार्यालयलाई समेत जनाउँछ।

(ङ) "सञ्चालक समिति" भन्नाले बीमकको सञ्चालक समिति सम्झनु पर्छ।

## परिच्छेद -२
## शाखा कार्यालय खोल्ने व्यवस्था

३. **प्रदेश कार्यालय खोल्नेः** (१) बीमकले आफ्ना शाखा तथा उपशाखा कार्यालयबाट हुने बीमा व्यवसाय तथा सेवा प्रवाहलाई समन्वय गर्ने गरी प्रत्येक प्रदेशमा प्रदेश कार्यालय खोल्नु पर्नेछ।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

(२) उपदफा (१) बमोजिम प्रदेश कार्यालय खोल्दा प्रदेश अन्तर्गतको कुनै जिल्लामा खोल्न सकिनेछ।

(३) प्रदेशभित्रका शाखा तथा उप-शाखा कार्यालयहरु उपदफा (१) बमोजिमको सम्बन्धित प्रदेशको प्रदेश कार्यालयको मातहत रहने व्यवस्था गर्नु पर्नेछ।

(४) सञ्चालक समितिले सीमा तोकी प्रदेश कार्यालयलाई आफू अन्तर्गतका शाखा, उपशाखाको निरीक्षण, सुपरिवेक्षण वा कर्मचारी सरूवा गर्ने अधिकार, जोखिमाङ्कन सम्बन्धी अधिकार, बीमा दाबी फर्छ्यौट सम्बन्धी अधिकार, बीमा बजारिकरण तथा कार्यालय व्यवस्थापन सम्बन्धी अधिकार प्रत्यायोजन गरी सो बमोजिमको कार्य विवरण दिनु पर्नेछ।

४. <u>**शाखा तथा उपशाखा कार्यालय सम्बन्धीः**</u> (१) बीमकले व्यवसायिक आवश्यकता अनुसार शाखा वा उपशाखा कार्यालय खोल्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम खोलिने शाखा कार्यालयको हकमा बीमकले बैङ्कमा खाता सञ्चालन गर्न पाउने अधिकार प्रदान गरेको प्रमाण पेश गर्नु पर्नेछ ।

(३) सञ्चालक समितिले सीमा तोकी शाखा कार्यालयलाई कम्तीमा साना बीमा दाबी भुक्तानी सम्बन्धी अधिकार, जोखिमाङ्कन सम्बन्धी अधिकार, बीमा बजारीकरण तथा कार्यालय व्यवस्थापन सम्बन्धी अधिकार प्रत्यायोजन गर्नु पर्नेछ।

(४) काठमाडौं उपत्यका बाहिर तीन वटा शाखा खोली सञ्चालनमा ल्याए पश्चात मात्र काठमाडौं उपत्यकामा थप एक शाखा खोल्न सकिनेछ।

(५) काठमाडौं उपत्यकाभित्र शाखा खोल्दा चक्रपथ बाहिर तथा नगरपालिकामा खोल्न प्राथमिकता दिनु पर्नेछ ।

(६) काठमाडौं उपत्यका बाहिर खोल्ने तीन शाखामध्ये कम्तीमा दुई शाखा नगरपालिका वा गाँउपालिकामा खोलिएको हुनु पर्नेछ ।

तर उपर्युक्त व्यवस्थाले देहाय बमोजिमका स्थानमा शाखा विस्तार गर्न बाधा पुऱ्याएको मानिने छैनः-

(क) इजाजतपत्रप्राप्त बीमकले प्रत्येक जिल्लामा कम्तिमा एउटा शाखा कार्यालय स्थापना गर्न,

(ख) काठमाडौं उपत्यकाभित्र बीमकको केन्द्रीय कार्यालय वा कर्पोरेट कार्यालय र एउटा शाखा कार्यालय स्थापना गर्न, र

(ग) आयात निर्यात व्यापारका लागि तोकिएका नाकाहरुमा एक एकवटा शाखा कार्यालय स्थापना गर्न ।



नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

५. **सम्भाव्यता अध्ययन गर्नु पर्ने:** (१) प्रदेश कार्यालय वा शाखा कार्यालय वा उपशाखा कार्यालय खोल्नु अघि बीमकले सो सम्बन्धमा स्थलगत सम्भाव्यता अध्ययन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने सम्भाव्यता अध्ययनको प्रतिवेदनमा देहायका विषय समावेश भएको हुनु पर्नेछः-

(क) कार्यालय खोल्नका लागि प्रस्तावित स्थान वित्तीयरुपले सम्भाव्य रहे वा नरहेको,

(ख) बीमा सेवामा पहुँचको अवस्था बस्तुनिष्ठ रुपमा तयार भए वा नभएको,

(ग) प्रस्तावित स्थानमा भईरहेको आर्थिक तथा वित्तीय क्रियाकलापको स्थिति,

(घ) प्रस्तावित क्षेत्रमा बीमकका अवस्थिति,

(ङ) व्यवसायका लागि चुनौति र अवसरका साथै रणनैतिक योजना,

(च) शाखा स्थापना तथा विस्तारका लागि हुने पूँजीगत तथा अन्य खर्च,

(छ) तीन वर्ष भित्रमा बीमा कारोबारबाट प्रस्तावित कार्यालय मुनाफामा सञ्चालन हुन सक्ने औचित्यपूर्ण आधार ।

६. **पूर्व स्वीकृति लिनुपर्ने:** (१) दफा ५ बमोजिम गरिएको सम्भाव्यता अध्ययनको प्रतिवेदनको आधारमा शाखा कार्यालय खोल्नु उपयुक्त भएमा शाखा कार्यालय खोल्नु अघि बीमकले प्राधिकरणको स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यालय स्थापना गर्ने प्रयोजनको लागि पूर्व स्वीकृति लिनको लागि कार्यालयको सङ्गठनात्मक स्वरूप (Organogram) तयार गरी सञ्चालक समितिले निर्णय गरी प्राधिकरणमा निवेदन पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन पेश गर्दा देहायका विवरण सहित पेश गर्नु पर्नेछः-

(क) दफा ५ बमोजिमको सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ख) कार्यालय स्थापना सम्बन्धमा सञ्चालक समितिको निर्णय,

(ग) प्रदेश कार्यालयको हकमा सो अन्तर्गत रहने शाखा, उप-शाखा तथा एक्स्टेन्सन काउन्टरहरुको बिवरण तथा अन्य शाखा कार्यालयको

हकमा सो अन्तर्गत रहने उप-शाखा तथा एक्टेनशन काउन्टरहरुको बिवरण,

(घ) कार्यालयलाई प्रत्यायोजन गरिने अधिकारको विवरण,

(ङ) प्रस्तावित कार्यालयको सङ्गठनात्मक स्वरूप र दरबन्दी।

(४) उपत्यका भित्र शाखा कार्यालय खोल्न निवेदन पेश गर्दा उपत्यका बाहिर खोलिएका शाखाहरुको विवरण समेत पेश गर्नु पर्नेछ।

(५) यस निर्देशिका बमोजिम पेश भएको निवेदन तथा कागजातको आधारमा प्रदेश वा अन्य कार्यालय खोल्न मनासिब देखिएमा प्राधिकरणले सोको लागि स्वीकृति दिन सक्नेछ।

७. **कार्यालयको सङ्गठनात्मक स्वरूप, कर्मचारी र भौतिक पूर्वाधारः** यस निर्देशिका बमोजिम खोलिने बीमकको प्रदेश, शाखा, उपशाखा कार्यालयको सङ्गठनात्मक स्वरुप, कर्मचारी र भौतिक पूर्वाधार सम्बन्धमा देहायको व्यवस्था हुनु पर्नेछः-

(क) प्रदेश कार्यालयको हकमा कम्तीमा व्यवस्थापकीय तहको प्रमुख र अधिकृत तथा अन्य कर्मचारी गरी कम्तीमा सात जना, शाखा कार्यालयको हकमा कम्तीमा अधिकृत तहको कर्मचारी प्रमुख र अन्य कर्मचारी गरी कम्तीमा पाँच जना र उपशाखा कार्यालयको हकमा कम्तीमा तीन जना कर्मचारी र कार्यबोझ हेरी आवश्यकता अनुसार अन्य अधिकृत तथा कर्मचारी रहने व्यवस्था,

(ख) सूचना आदान प्रदान गर्नको लागि नेटवर्किङ्ग वा विद्युतीय माध्यमबाट केन्द्रीय कार्यालयको सूचना प्रणालीमा तत्काल आवद्ध हुन सक्ने व्यवस्था,

(ग) कार्यालयको व्यवसाय सञ्चालन गर्न आवश्यक व्यवसायिक सफ्टवेयर केन्द्रीय कार्यालयसँग आवद्ध हुने व्यवस्था,

(घ) कार्यालयमा फर्निचर, सूचना प्रविधिका साधन, कार्यालय कक्ष तथा अन्य सामानको पर्याप्त व्यवस्था,

(ङ) बीमा व्यवसायलाई प्रभावकारी तथा विश्वसनीय रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार कार्यालयमा बीमा अभिकर्ता, सर्भेयर लगायतका अन्य सेवाग्राहीहरुको सम्पर्क कक्षको व्यवस्था।

८. **प्राथमिकता दिनुपर्ने:** (१) यस निर्देशिका बमोजिम शाखा कार्यालय खोल्दा बीमाको दायरा नरहेको, बीमकहरूको उपस्थिति न्युन रहेको स्थान र कुनै पनि बीमा कारोबार गर्ने इकाई नभएको गाँउपालिका वा नगरपालिकामा शाखा वा उप शाखा कार्यालय खोल्न प्राथमिकता दिनु पर्नेछ ।

(२) कृषि, बाली, पशुपन्छी तथा जडीबुटी बीमा सेवा प्रदान गर्न प्राधिकरणले जिल्लागत रुपमा कार्यालय खोल्न तोकेको अवस्थामा सो जिल्लामा प्राथमिकता दिई कार्यालय खोल्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राधिकरणले तोकेको जिल्लामा कार्यालय स्थापना गरे पश्चात मात्र अन्य स्थानमा कार्यालय खोल्न स्वीकृति प्रदान गरिनेछ ।

९. **शाखा कार्यालय सञ्चालन गर्नु पर्ने अवधि:** (१) दफा ६ को उपदफा (५) बमोजिम प्राधिकरणबाट प्रदेश कार्यालय वा अन्य शाखा कार्यालय खोल्न स्वीकृति प्राप्त गरेको मितिले दुई महिना भित्र बीमकले सो कार्यालय सञ्चालन गर्नु पर्नेछ।

तर उपशाखा कार्यालयको हकमा प्राधिकरणबाट स्वीकृति प्राप्त गरेको मितिले एक महिना भित्र सञ्चालन गरिसक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम शाखा कार्यालय सञ्चालन गरेको जानकारी त्यस्तो शाखा सञ्चालनमा आएको सात दिन भित्र प्राधिकरणलाई गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम जानकारी दिँदा शाखा कार्यालय सञ्चालन भएको मिति, कार्यालय प्रमुखको नाम, कर्मचारी सङ्ख्या, कार्यालय रहेको स्थान, टेलिफोन नं. ईमेल तथा कार्यालय वा सो कार्यालयको प्रमुखलाई प्रत्यायोजन गरिएको काम, कर्तव्य र अधिकार सहितको विवरण समेत पेश गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको अवधिभित्र शाखा कार्यालय वा उपशाखा कार्यालय सञ्चालन गर्न नसकिएमा बीमकले सोको कारण सहित म्याद थपको लागि प्राधिकरण समक्ष निवेदन दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा निवेदनको व्यहोरा मनासिब देखिएमा प्राधिकरणले बढीमा एक महिना सम्मको अवधि थप गर्न सक्नेछ ।

(६) उपदफा (१) वा (५) बमोजिमको अवधिभित्र शाखा कार्यालय खोल्न नसक्ने भएमा बीमकले सोको जानकारी यथाशीघ्र प्राधिकरणलाई गराउनु पर्नेछ र यसरी जानकारी गराएपछि शाखा कार्यालय खोल्न दफा ६ बमोजिम दिइएको पूर्वस्वीकृति स्वतः खारेज भएको मानिनेछ।

१०. **एक्सटेन्सन काउन्टर खोल्न सक्ने:** (१) बीमकले यातायात व्यवस्था कार्यालय, वैदेशिक रोजगार प्रवर्धन कार्यालय, कृषि विकास कार्यालय, अन्तर्राष्ट्रिय विमानस्थल परिसर, भन्सार नाका, औद्योगिक क्षेत्र जस्ता क्षेत्रलाई लक्षित गरी सेवा प्रवाहको लागि एक्सटेन्सन काउन्टर खोली सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम एक्सटेन्सन काउन्टर खोल्न त्यस्तो एक्सटेन्सन काउन्टर बीमकको कुन शाखा कार्यालय अन्तर्गत रहने हो सो को विवरण सहित प्राधिकरणको पूर्व स्वीकृति लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम खोलिने एक्सटेन्सन काउण्टरबाट बीमा प्रिमियम सङ्कलन, जोखिमाङ्कन, अभिकर्ता सम्पर्क, बीमा सम्बन्धी प्रचार प्रसार जस्ता कार्य गर्न सकिनेछ।

(४) अस्थायी रुपमा हुने व्यापारिक उत्सव, मेला, सम्मेलन, प्रदर्शनी तथा आवधिक वा घुम्ती बजार जस्ता कार्यक्रमको अवधिभर बीमा प्रचार प्रसार कार्य गर्न बीमकले एक्सटेन्सन काउन्टर खोली सञ्चालन गर्न सक्नेछ ।

(५) उपदफा (१) बमोजिम खोलिएको एक्स्टेन्सन काउन्टर बन्द गर्नु पर्ने वा त्यस्तो एक्सटेन्सन काउण्टरको स्थानान्तण वा ठेगाना परिवर्तन गर्नु पर्ने भएमा प्राधिकरणको पूर्व स्वीकृति लिनु पर्नेछ।

११. **विदेशमा शाखा, सम्पर्क वा प्रतिनिधि कार्यालय खोल्न गर्न सक्ने:** (१) बीमकले प्राधिकरणको पूर्व सहमति लिई विदेशमा आफ्नो कार्यालयको शाखा, सम्पर्क वा प्रतिनिधि कार्यालय खोल्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम विदेशमा शाखा, सम्पर्क वा प्रतिनिधि कार्यालय खोल्दा देहायको शर्त पूरा गर्नु पर्नेछः-

(क) प्राधिकरणले तोकेको न्युनतम चुक्ता पुँजी कायम गरेको,

(ख) बीमक तथा बीमकका सञ्चालकलाई प्राधिकरणबाट कुनै कारबाही भएको भए त्यस्तो कारबाही भएको छ महिना पूरा भइसकेको ।

(३) उपदफा (२) बमोजिमको शर्त पूरा गरेको इच्छुक बीमकले विदेशमा शाखा, सम्पर्क वा प्रतिनिधि कार्यालय स्थापना गर्न देहाय बमोजिमका कागजातहरु संलग्न गरी सैद्धान्तिक सहमतिको लागि प्राधिकरणमा निवेदन पेश गर्नु पर्नेछः-

(क) विदेशमा शाखा, सम्पर्क वा प्रतिनिधि कार्यालय स्थापना सम्बन्धमा सञ्चालक समितिको निर्णय,

(ख) सम्बन्धित मुलुकको नियामक निकायले तोकेको नीतिगत व्यवस्था र सोको पालना गर्न सक्ने सम्बन्धमा बीमकको तर्फबाट गरिएको स्वघोषणा,

(ग) शाखा, सम्पर्क वा प्रतिनिधि कार्यालय खोल्नका लागि प्रस्तावित स्थानको बीमा व्यवसायको सम्भाव्यता अध्ययन प्रतिवेदन, प्रस्तावित व्यवसायको योजना, तुलनात्मक लागत-लाभ विश्लेषण (Comparative Cost-benefit Analysis), व्यवसायिक रणनीति, सूचना प्रविधि व्यवस्थापन र आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापन सम्बन्धी विवरण,

(घ) उपदफा (२) बमोजिमको शर्त पूरा गरेको भनी बीमकले गरेको स्वघोषणा।

(४) उपदफा (३) बमोजिम पेश भएको निवेदन तथा कागजात अध्ययन गरी बीमकको शाखा, सम्पर्क वा प्रतिनिधि कार्यालय खोल्न प्राधिकरणले सैद्धान्तिक सहमति प्रदान गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सैद्धान्तिक सहमति प्राप्त गरे पछि बीमकले विदेशमा शाखा, सम्पर्क वा प्रतिनिधि कार्यालय खोल्नको लागि सम्बन्धित मुलुकले तोकेका मापदण्ड अनुरुप सहमति प्राप्त भए पछि बीमकले त्यस्तो कार्यालय खोल्ने अन्तिम स्वीकृतिको लागि देहायका कागजात संलग्न राखी प्राधिकरण समक्ष निवेदन पेश गर्नु पर्नेछः-

(क) त्यस्तो शाखा, सम्पर्क वा प्रतिनिधि कार्यालय खोल्न उपयुक्त देखिएको र त्यस्तो कार्यालय सञ्चालन गर्न बीमक सक्षम देखिएको सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ख) शाखा, सम्पर्क तथा प्रतिनिधि कार्यालय सञ्चालनको गर्न तोकिएको पूँजी (विदेशी मुद्रामा) सम्वन्धित मुलुकमा लगानी गर्न प्रचलित कानून बमोजिम सम्वन्धित निकायको स्वीकृति पत्र ।

(६) यस दफा बमोजिम विदेशमा शाखा, सम्पर्क वा प्रतिनिधि कार्यालय खोल्नको लागि जुन मुलुकमा त्यस्तो कार्यालय स्थापना गरिने हो सो मुलुकको नियामक निकायले तोकेको पूँजी पूरा गर्नु पर्नेछ ।

(७) उपदफा (५) बमोजिम अन्तिम स्वीकृतिको लागि निवेदन पेश हुन आएमा प्राधिकरणले आवश्यक जाँचबुझ गरी विदेशमा शाखा, सम्पर्क वा प्रतिनिधि कार्यालय स्थापना गर्न सकिने देखिएमा आवश्यक शर्त समेत तोकी अन्तिम स्वीकृति प्रदान गर्नेछ।



नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

(८) उपदफा (७) बमोजिम अन्तिम स्वीकृति प्राप्त गरेको छ महिनाभित्र बीमकले त्यस्तो शाखा, सम्पर्क वा प्रतिनिधि कार्यालय खोली सोको जानकारी प्राधिकरणलाई दिनुपर्नेछ र सो अवधिभित्र त्यस्तो कार्यालय सञ्चालन नभएमा त्यस्तो स्वीकृति स्वतः रद्द हुनेछ ।

(९) उपदफा (८) बमोजिम सञ्चालन गरिने कार्यालयमा बीमकले कम्तीमा अधिकृत तहको कर्मचारीलाई प्रमुखको रुपमा खटाई कार्यबोझ हेरी आवश्यकता अनुसार अन्य अधिकृत तथा कर्मचारीको व्यवस्था गर्नु पर्नेछ र सो विवरण कार्यालय सञ्चालनमा आएको जानकारी साथ प्राधिकरणमा पेश गर्नु पर्नेछ ।

१२. <u>**शाखा कार्यालय स्थानान्तरण गर्न, बन्द गर्न तथा गाभ्न सकिने:**</u> (१) प्राधिकरणको पूर्व स्वीकृति लिई बीमकले शाखा कार्यालय स्थानान्तरण गर्न, बन्द गर्न वा गाभ्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बीमकले शाखा कार्यालय स्थानान्तरण गर्न, बन्द गर्न, स्थानान्तरण गर्ने वा गाभ्नका लागि लागि देहायका कागजात तथा विवरण सहित प्राधिकरणमा निवेदन दिनु पर्नेछः-

(क) कार्यालय स्थानान्तरण गर्ने, बन्द गर्ने वा गाभ्ने सम्बन्धमा सञ्चालक समितिले गरेको निर्णय,

(ख) कार्यालय स्थानान्तरण गर्दा, बन्द गर्दा वा गाभ्दा सेवाग्राहीलाई पर्न सक्ने असर, समाधान तथा व्यवस्थापनका उपाय सहितको विवरण,

(ग) तत्काल बहाल रहेका जनशक्तिको व्यवस्थापनको कार्ययोजना,

(घ) कार्यालय स्थानान्तरण गर्दा वा गाभ्दाको हकमा यसरी स्थानान्तरण भए पछि वा गाभिए पछि कायम हुने कर्मचारीहरुको पद तथा सङ्ख्या सहितको विवरण ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि बीमकको कार्यालय सञ्चालनको लागि स्वीकृति प्राप्त महानगरपालिका, उप-महानगरपालिका, नगरपालिकाको हकमा सम्बन्धित वडा भित्र तथा गाउँपालिकाको हकमा सोही गाँउपालिका भित्र शाखा वा उपशाखा कार्यालय स्थानान्तरण गर्नु परेमा सञ्चालक समितिको निर्णय अनुसार स्थानान्तरण गरी सात दिनभित्र नयाँ ठेगाना सहितको जानकारी प्राधिकरणलाई दिनु पर्नेछ।

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AU

## परिच्छेद – ३
## विविध

१३. **कार्यालय सञ्चालन सम्बन्धी शर्त तथा मापदण्डः** (१) कार्यालय खोल्दा वा सञ्चालन गर्दा कम्पनी ऐन, २०६३ लगायत प्रचलित कानून बमोजिम दर्ता गर्नु पर्ने, स्वीकृती लिनु पर्ने वा सूचना वा जानकारी दिनु पर्नेमा बीमकले सोही बमोजिम सम्बन्धित निकायबाट दर्ता वा स्वीकृति लिई वा सम्वन्धित निकायलाई सूचना वा जानकारी दिई कार्यालय सञ्चालन गर्नु पर्नेछ।

(२) यस निर्देशिका बमोजिम खोलिएका बीमकका शाखा वा उपशाखा कार्यालयहरुले प्राधिकरणले तोके बमोजिम कृषि, पशुपन्छी तथा अन्य बीमाका सेवाहरु समेत प्रदान गर्नुपर्नेछ ।

(३) कार्यालय रहेको स्थानमा सर्वसाधारणले देख्ने स्थानमा "नेपाल बीमा प्राधिकरणबाट स्वीकृती प्राप्त" बीमकको नाम सहितको साईन बोर्ड राख्नुपर्नेछ ।

(४) कार्यालयमा सेवाग्राही उपभोक्तालाई आवत जावत गर्न सहज तथा उपयुक्त पार्किङ्गको व्यवस्था सहित भौतिक पूर्वाधारको पर्याप्त व्यवस्था गर्नुपर्नेछ ।

(५) कार्यालयले आफ्नो कार्यालय अगाडि प्रदान गरिने सेवा सहित जिम्मेवार अधिकारी उल्लेख गरी नागरिक वडापत्र राख्नु पर्नेछ ।

(६) कार्यालयको पूरा ठेगाना, फोन नम्बर, सम्पर्क व्यक्तिको नाम सहितको विवरण बीमकको वेबसाइटमा राख्नु पर्नेछ ।

(७) कार्यालय खोल्न पेश गरेको सम्भाव्यता अध्ययन प्रतिवेदन बमोजिम त्यस्तो कार्यालयबाट भएको कार्य प्रगति विवरण त्रैमासिक रुपमा तयार गरी अद्यावधिक राख्नु पर्नेछ र प्राधिकरणबाट माग भएको बखत बीमकले पेश गर्नु पर्नेछ ।

१४. **अनुगमन तथा निरीक्षण गर्न सक्नेः** बीमकका शाखा वा उपशाखा कार्यालयहरु ऐन, यो निर्देशिका वा प्राधिकरणले तोकेको शर्त वा मापदण्ड विपरीत सञ्चालन भएको भनी कसैको उजुरी परेमा वा प्राधिकरणले आवश्यक ठानेमा बीमकका कार्यालयहरुको अनुगमन तथा निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ र यसरी दिइएको निर्देशन सम्बन्धित कार्यालयले पालना गर्नु पर्नेछ।

१५. **निर्देशन दिन सक्नेः** (१) प्राधिकरणले बीमकको उपस्थिति वा कार्य क्षेत्र न्यून रहेको जिल्लामा आवश्यकता अनुसार कार्यालय स्थापना गर्न निर्देशन दिन सक्नेछ ।



नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

(२) प्राधिकरणले दफा १४ बमोजिम गरिएको अनुगमन वा निरिक्षणमा देखिएका विषयहरूमा आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ ।

१६. **बचाउः** (१) यो निर्देशिका प्रारम्भ हुनु भन्दा अघि खोलिएका कार्यालयहरु यसै निर्देशिका बमोजिम खोलिएको मानिनेछ।

(२) यो निर्देशिका प्रारम्भ हुनु अघि खोलिएका कार्यालयहरुको सञ्चालन गर्दा यो निर्देशिका बमोजिम तोकिएका शर्त तथा मापदण्ड पालना गर्नु पर्नेछ।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY